# जिल्ला प्रशासन सुधार कार्ययोजना,२०७७

**श्रावण, २०७७**

**(२०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म)**




नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, ओखलढुंगा

## १. पृष्ठभुमी

जिल्लाको शान्ति सुव्यवस्था, अमनचैन, अपराध नियन्त्रण, विपद व्यवस्थापन, सार्वजानिक सेवा प्रवाह, सुशासन लगायत जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने कार्यहरुलाई जनमैत्री तथा व्यावसायिक वनाउनु जरुरी छ । यसै सन्दर्भमा उक्त क्रियाकलापहरुलाई चालु आ.व. २०७७/७८ मा योजनावद्व तथा व्यावसायीक रुपमा सम्पादन गर्ने गराउने कार्यका लागि श्रीमान् गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच कार्यसम्पादन सम्झौता भएको छ । उक्त सम्झौताको सुशासन र सेवा प्रवाह मुख्य नतिजा क्षेत्र अन्तर्गतको दफा १(क),(ख)र(ग) बमोजिम  यो कार्ययोजना तर्जुमा गरिएको छ । यस कार्ययोजना श्रीमान् सचिवज्यू समक्ष गरिएको कार्यसम्पादन सम्झौतामा उल्लेखित क्रियाकलापहरुका अतिरिक्त स्थानीय प्रशासन ऐन २०२८, सुशासन ऐन २०६४, सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली २०६५ तथा विभिन्न विषयगत ऐन कानुन अनुसार जिल्ला प्रशासन कार्यालयले सम्पादन गर्नुपर्ने कार्यहरु, नेपाल सरकार गृह मन्त्रालय, प्रदेश सरकार आन्तरिक मामिला तथा कानुन मन्त्रालय लगायत तालुक निकायहरुबाट समय समयमा प्राप्त निर्देशन, वार्षिक विकास कार्यक्रम तथा वजेट, जिल्लागत वस्तुस्थीति समेतका आधारमा जनमैत्री कार्यालय व्यवस्थापन,सार्वजानिक सेवा प्रवाह एवम् कार्यालयको मुख्य जिम्मेवारीमा रहेका शान्ति सुरक्षा,विपद व्यवस्थापन लगायतका शीर्षकमा सुधार गर्ने गरी क्रियाकलापहरु तर्जुमा गरिएको छ। जिल्लाको समग्र सुशासन कायम गर्ने गराउने दायित्व जिल्ला प्रशासन कार्यालयको भएको सन्दर्भमा यस जिल्लामा सञ्चालित नेपाल सरकार र प्रदेश सरकार मातहतका कार्यालयहरुको  कार्यजिम्मेवारी अनुसार गर्नुपर्ने सुधारका कार्यहरु समेत गर्ने गरी केही क्रियाकलापहरु समावेश गरिएको छन् । तसर्थ यस कार्ययोजनाका आधारमा अन्य सरकारी कार्यालयहरुले समेत आ-आफ्नो सुधार कार्ययोजना तर्जुमा तथा कार्यान्वयन गर्नेछन् ।

## २. उद्‌वेश्य

यस कार्ययोजनाको मुख्य उद्‌वेश्य जिल्ला प्रशासन कार्यालयका  मुख्य मुख्य कार्यजिम्मेवारी तथा अन्य सरकारी कार्यालयहरुको सार्वजानिक सेवा जनमैत्री तथा व्यावसायीक रुपमा सम्पादन गर्नु रहेको छ।

## ३. मुख्य मुख्य क्रियाकलापहरु

क. सबै सरकारी कार्यालयको भौतिक व्यवस्थापनलाई जनमैत्री (*free Wifi, शुद्व खानेपानी, Television, पुस्तकालय, लैङ्गिकमैत्री शौचालय, स्तनपान कक्ष, नागरिक सहायता कक्ष ,कर्मचारी उपस्थिति वोर्ड व्यवस्था, प्राथमिक उपचार व्यवस्था, Mobile Charging Station, Digital Citizen Charter लगायत*) तथा कोभिड १९ को सम्भावित जोखिम न्यूनीकरणका दृष्टिले सुरक्षित *(सावुन पानीले हात धुने व्यवस्था,मास्क सेनिटाईजर व्यवस्थापन)* वनाउने ।

ख. सबै सरकारी कार्यालयबाट प्रवाह हुने सार्वजानिक सेवालाई जनअपेक्षित वनाउने ।यस कार्यका लागि जनताको अपेक्षा संकलन गर्न सेवाग्राही सन्तुष्टि सर्वेक्षण गर्ने ।

ग. सबै सरकारी कार्यालयहरुबाट जनताको सुचनाको हक कार्यान्वयनको लागि मासिक प्रगति विवरण सार्वजानिक गर्ने, नियमित रुपमा Proactive Disclosure गर्ने साथै सबै सुचना अधिकारीहरुको लागि छुंट्टै मोवाईन नम्वर व्यवस्थापन गर्ने ।

घ. शान्ति सुरक्षा, विपद, सेवा प्रवाह, सुशासनसम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा Hotline मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने ।

ङ. जिल्लामा शान्ति सुरक्षा र सुव्यवस्था कायम गर्ने । यस कार्यका लागि जनताको सुरक्षा अनुभूति सर्वेक्षण गरी शान्ति सुरक्षाको वास्तविक अवस्था पहिचान गरी सुधारका कार्यहरु सञ्चालन गर्ने ।

च. सामाजिक अपराध न्यूनीकरणका लागि स्थानीय तहको समन्वयमा विद्यालय मार्फत School Outreach कार्यक्रम सञ्चालन गर्ने ।

छ. आत्महत्याका घटनाहरु वर्षेनी वढ्दै गएको सन्दर्भमा यस प्रकृतिका घटनाहरुको नमुना छनौटका आधारमा कारण पहिचान गर्ने र न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्न स्थानीय तहहरुसंग समन्वय गर्ने ।

ज. विपद व्यवस्थापनलाई प्रभावकारी वनाउन उचित रुपमा पूर्वतयारी, प्रतिकार्य तथा तत्कालीन पूर्नलाभका क्रियाकलापहरु समन्वयात्मक रुपमा सम्पादन गर्ने । विपद् व्यवस्थापनमा समन्वयका लागि जिल्ला आपतकीन कार्यसञ्चालन केन्द्र(DEOC) स्थापना तथा सञ्चालन गर्ने ।

झ. कोभिड १९ को सम्भावित संक्रमण व्यवस्थापन गर्न सर्तकता तथा सावधानी र परीक्षणको दायरा वढाउदै लैजाने गरी सम्वद्व पक्षहरुसंग समन्वय र सहकार्य गर्ने ।

ञ. लागू औषध नियन्त्रण तथा अवैध घरेलु मदिराको उत्पादन तथा विक्रि वितरण रोक लगाउने।

ट. रुग्ण विकास आयोजनाहरुको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने ।

ठ. अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई कानुन तथा न्यायसम्वन्धी तालिम प्रदान गर्ने।

# जिल्ला प्रशासन सुधार वार्षिक कार्ययोजना, ओखलढुंगा २०७७

**(२०७७ श्रावण १ देखि २०७८ असार मसान्त सम्म)**

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| **क. जनमैत्री कार्यालय व्यवस्थापन** | | | | | | |
| १ | सेवाग्राहीहरूलाई सेवा प्रवाहमा सहजीकरणका लागि ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूमा **नागरिक सहायता कक्ष (Help Desk)** स्थापना तथा प्रभावकारी सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण पहिलो हप्ताबाट शुरु गरी निरन्तर | सेवा प्राप्तिमा सेवाग्राहीहरुलाई सहज भएको हुने । | सहायता कक्ष स्थापना तथा सेवा सञ्चालन अवस्था |
| २ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूमा सेवाग्राहीहरूको लागि **Free Wi Fi, Television, First Aid Kit, शुद्ध खानेपानी (तातो/चिसो), Mobile Charging Station** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | सेवाग्राहीमैत्री कार्यालय व्यवस्थापन भएको हुने । | उल्लेखित सुविधा उपलब्धता तथा उपयोग अवस्था |
| ३ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूमा **अपांगमैत्री कार्यालय व्यवस्थापन (परिसर, न्याम्प), स्तनपान कक्ष, लैङ्गिकमैत्री शौचालय**को व्यवस्थापन गर्ने। | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्तबाट शुरु गरी निरन्तर | लैङ्गिक संवेदनशील कार्यालयको रुपमा विकास भएको हुने । | स्तनपान कक्ष तथा शौचालयको व्यवस्था तथा प्रयोग |
| ४ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूमा **सेवाग्राहीमैत्री प्रतिक्षालय कक्ष**को व्यवस्थापन गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ पहिलो चौमासिक | सेवा प्रवाह र प्राप्तिमा सेवाप्रदायक र सेवाग्राहीलाई सहज हुने । | प्रतिक्षालय कक्ष |
| ५ | जिल्ला प्रशासन कार्यालयमा सेवाग्राही लक्षित **पुस्तकालय** निर्माण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त | सेवा प्रवाह र प्राप्तिमा सेवाप्रदायक र सेवाग्राहीलाई सहज हुने । | पुस्तकालय निर्माण तथा प्रयोग |
| ६ | जिल्ला प्रशासन कार्यालयमा विद्युतीय **नागरिक बडापत्र (Digital Citizen Charter)** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त | कार्यालयबाट प्रवाह हुने सेवा तथा प्रक्रियाको जानकारी भई सेवा प्रवाह | विद्युतीय नागरिक बडापत्र |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | | | | छिटो छरितो हुने | |
| ७ | ओखलढुङ्गास्थित सबै सरकारी, बैक तथा वित्तिय संस्थाहरूमा आगलागिको सम्भावित जोखिम न्यूनीकरण गर्नका लागि उच्च क्षमताको कम्तीमा १/१ वटा **Fire extinguisher** जडान गर्ने तथा सो सञ्चालनका लागि अभिमुखिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सम्बद्ध निकायहरू | २०७७ श्रावण मसान्त | आकस्मिक रूपमा हुन सक्ने आगलागीको जोखिम न्यूनिकरण हुने । | Fire estinguisher जडान तथा अभिमुखीकरण |
| ८ | जिल्ला प्रशासन कार्यालयमा कार्यरत कर्मचारीको उपस्थितिका वारेमा सेवाग्राहीहरूलाई जानकारी गराउने उद्देश्यले सबै सेवाग्राहीले देख्ने गरी **कर्मचारी उपस्थिति वोर्ड** व्यवस्था गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी निकायहरु | २०७७ श्रावण मसान्त | सेवा प्राप्त गर्न सम्पर्क गर्नुपर्ने कर्मचारीको पहिचान भई सेवा प्राप्त गर्न सहज भएको हुने । | कर्मचारी उपस्थिति वोर्ड व्यवस्था |
| ९ | जिल्ला प्रशासन कार्यालय परिसरमा सबै स्थानीय तहको पहिचान झल्कने गरी **स्तम्भ निर्माण** गर्ने | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७७ दोस्रो चौमासिक | सेवाग्राहीलाई सेवा प्राप्त गर्न आउँदा अपनत्वको भावना भएको हुने । | निर्मित स्तम्भ |
| १० | कार्यालय परिसरलाई स्वच्छ र हरीयाली वनाउने साथै **एक कर्मचारी एक फलफुलको विरुवा रोपण तथा संरक्षण** अभियान सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरु | २०७७ भाद्र मसान्त | कार्यालय परिसर स्वच्छ र हरियाली हुने । | कार्यालय परिसर |
| ११ | जिल्ला प्रशासन कार्यालयको कम्पाउण्ड (**कम्पाउण्ड वाल, वृक्षारोपण लगायत**) व्यवस्थापन गर्ने । | जिल्ला प्रशासन कार्यालय | डिभिजन वन कार्यालय, भू संरक्षण कार्यालय | २०७७ पहिलो चौमासिक | कार्यालय तथा परिसर सुरक्षित हुने । | सुरक्षित कार्यालय परिसर |
| **ख. सुशासन तथा प्रभावकारी सेवा प्रवाह व्यवस्थापन** | | | | | | |
| १२ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूमा सूचना अधिकारीको व्यवस्था गरी **सूचना अधिकारीहरूको लागि छुट्टै मोवाईल नम्वर**को व्यवस्था गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त | सेवाग्राहीलाई सूचना तथा जानकारी प्राप्त गर्न सहज भएको हुने । | सूचना अधिकारी र मोबाइल नम्वर |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १३ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयले सूचनाको हक सम्वन्धी ऐनको व्यवस्थाअनुसार कार्यालयका ३/३ गतिविधिहरूलाई **स्वत:प्रकाशन (Pro active Disclosure)** मार्फत अनिवार्य सार्वजनिक गर्ने र वार्षिक प्रगति अवस्था समेत सार्वजनिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | निरन्तर | सरकारी कार्यालयबाट सम्पादित कार्यहरूको बारेमा सेवाग्राही सूसुचित भएको हुने | स्वत: प्रकाशन तथा वार्षिक प्रतिवेदन |
| १४ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयबाट आफ्नो बार्षिक विकास कार्यक्रमहरू आम नागरिकहरूलाई जानकारी गराउन सम्वद्व पक्षहरूको उपस्थितिमा **सार्वजनिकीकरण** कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय,स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | २०७७ भाद्र | विकास कार्यक्रमहरूका बारेमा आम नागरिकहरूलाई जानकारी प्राप्त हुने साथै ३ वटै सरकारविच समन्वय हुने तथा दोहोरोपना न्यूनीकरण भएको हुने । | कार्यक्रम सञ्चालन प्रतिवेदन |
| १५ | ओखलढुङ्गास्थित सबै विकास आयोजना सञ्चालन गर्ने सरकारी कार्यालयबाट तोकिएको समयमानै विकास आयोजना सम्पन्न गर्नका लागि समयमानै **खरिद/टेण्डर प्रक्रिया सुरु गर्ने, गुणस्तर कायम** गर्ने कार्यमा आवश्यक समन्वय, अनुगमन तथा सुपरीवेक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | राजनैतिक दल, स्थानीय तह, विकास आयोजना सम्पादन गर्ने कार्यालय, सञ्चार माध्यम, निर्माण व्यावसायी, आम नागरिक | २०७७ श्रावण महिनावाट निरन्तर | समयमानै विकास आयोजना सम्पन्न हुने । | आयोजना सुरु र सम्पन्न अवस्था प्रतिवेदन |
| १६ | ओखलढुङ्गास्थित सबै सरकारी, कार्यालयहरूले आफ्नो सेवा प्रवाहका सम्वन्धमा जनताको पृष्ठपोषण प्राप्त गर्न **सेवाग्राही सन्तुष्टि सर्वेक्षण** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ मंसीर मसान्तसम्म | सार्वजानिक सेवा प्रवाह सम्वन्धमा सेवाग्राहीको पृष्ठपोषण प्राप्त हुने । | सेवाग्राही सन्तुष्टि सर्वेक्षण प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| १७ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयका गतिविधिहरूको नियमित तथा आकस्मिक **अनुगमन तथा सुपरीवेक्षण** पर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | सबै सरकारी कार्यालयका सेवाहरु जनमैत्री भएको हुने | अनुगमन तथा सुपरीवेक्षण योजना तथा प्रतिवेदन |
| १८ | जिल्ला प्रशासन कार्यालयका महत्वपूर्ण दस्तावेजहरूको **Digitization** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | निरन्तर | अभिलेखहरू सुरक्षित तथा संरक्षित भई विद्युतीय शासनमा टेवा पुग्ने । | डिजिटाइज गरिएको दस्तावेज |
| १९ | शान्ति सुरक्षा, विपद, सेवा प्रवाह, सुशासनसम्वन्धी उजुरी तथा गुनासो सम्वोधन गर्न जिल्ला प्रशासन कार्यालयमा **Hotline** मार्फत २४ सै घण्टा उजुरी, गुनासो सुनुवाई हुने संयन्त्र विकास गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय, स्थानीय तह, राजनैतिक दल, सञ्चार माध्यम | २०७७ श्रावण मसान्तबाट निरन्तर | सुशासन प्रवर्द्धन गर्न सहयोग पुगेको हुने । | Hot Line Number तथा गुनासो सुनुवाई सम्वन्धी अर्धवार्षिक तथा वार्षिक प्रतिवेदन |
| २० | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयहरूले कार्यालयबाट सम्पादन गरिएका गतिविधिहरूलाई **मासिकरूपमा वेभसाईट/सूचनापाटी** मार्फत सार्वजानिक गर्ने | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | कार्यसम्पादनमा जवाफदेहीता तथा पारदर्शिता कायम भएको हुने । | मासिक प्रगति प्रतिवेदन |
| २१ | ओखलढुङ्गास्थित सबै सरकारी कार्यालयले आफ्नो स्वामित्वमा रहेका **चल अचल सम्पत्ति** (जग्गा, भवन, सवारी साधन) को अभिलेख सुरक्षित राख्ने ।साथै जिल्ला स्थित सबै **सरकारी तथा सार्वजानिक जग्गा**हरुको अभिलेख तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७ श्रावण मसान्त, निरन्तर | सरकारी सम्पत्तिको उपयोग तथा संरक्षण भएको हुने । | चल अचल सम्पत्ति अभिलेख<br>सरकारी तथा सार्वजानिक जग्गाहरुको अभिलेख |
| २२ | जिल्ला प्रशासन कार्यालयका समग्र गतिविधिहरू समावेश गरी **अर्धवार्षिक र वार्षिक वुलेटीन** प्रकाशन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू | २०७७/७८ को माघ पहिलो हप्ता, श्रावण पहिलो हप्ता | कार्यालयका गतिविधिहरु पारदर्शी हुने । | वुलेटीन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| २३ | सार्वजनिक सेवा प्रवाहमा सरलीकरण गर्न सबै सरकारी कार्यालयका सेवाहरू र सो प्राप्तिको प्रक्रियासहित **एकीकृत नागरिक वडापत्र** प्रकाशन गर्ने तथा स्थानीय तह स्तर सम्म प्रवोधिकरण गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, स्थानीय तह, सञ्चार माध्यम | २०७७ साल भाद्र मसान्त | सार्वजनिक सेवा तथा प्राप्तिको प्रक्रियाका वारेमा सेवाग्राहीलाई जानकारी प्राप्त भई सेवा प्रवाह र प्राप्तिमा सहज भएको हुने | एकीकृत नागरिक वडापत्रको प्रकाशन तथा प्रवोधिकरण |
| २४ | सबै सरकारी कार्यालयहरूमा उत्कृष्ट कार्यसम्पादन गर्ने कम्तीमा १/१ जना कर्मचारीलाई **पुरस्कृत** गर्नेका साथै सेवा निवृत्त भई यस जिल्लामा रहने कर्मचारीलाई **सम्मान** गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालय | २०७७ भाद्र २२ | उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीको मनोबल उच्च हुनुका साथै सेवा निवृत्तहरूले सम्मानित भएको अनुभूति गरेको हुने। | पुरस्कृत तथा सम्मानित कर्मचारी विवरण |
| २५ | उच्च कार्यवोझमा कार्य गर्ने कार्यालयका कर्मचारीहरूलाई **तनाव व्यवस्थापन**, **मनोसामाजिक परामर्श सम्वन्धी तालिम** लगायत सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | विभिन्न संघसंस्थाहरु | २०७७ मंसीर मसान्त | कर्मचारीबाट सेवाग्राहीमैत्री व्यवहार प्रदर्शित भएको हुने । | तालिम सञ्चालन प्रतिवेदन |
| 26 | **सरकारी सवारी साधनको सदुपयोग**का लागि कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | सबै सरकारी कार्यालयहरू, जिल्ला प्रहरी कार्यालय | २०७७ भाद्र मसान्त | सरकारी सवारी साधन हरु मितव्ययी रुपमा उपयोग भएको हुने । | कार्यविधि र कार्यान्वयन अवस्था प्रतिवेदन |
| 27 | **मुआव्जा** वितरण सम्वन्धी विस्तृत अभिलेख तयार गरी अर्धवार्षिक/वार्षिक रुपमा सार्वजानिक गर्ने । | जिल्ला प्रशासन कार्यालय | मालपोत कार्यालय, स्थानीय तह, विकास आयोजनाहरु | श्रावण मसान्त, निरन्तर | मुआव्जाको विवरण व्यवस्थित हुने । | मुआव्जा अभिलेख |
| २8 | उपभोक्ता हित प्रवर्दन हुनेगरी स्थानीय तहसंगको समन्वयमा वजार अनुगमन योजनाका आधारमा | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, घरेलु तथा साना उद्योग | निरन्तर | उपभोक्ता हित प्रवर्दन भएको हुने | वजार अनुगमन योजना तथा |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | नियमित तथा आकस्मिक रुपमा **वजार अनुगमन** गर्ने । | | कार्यालय, उद्योगी व्यावसायी, सञ्चार माध्यम, उपभोक्ता | | | अनुगमन प्रतिवेदन |
| ग. | **शान्ति सुरक्षा र अपराध नियन्त्रण** | | | | | |
| २९ | Security Profile/Crime Mapping सहितको **सुरक्षा रणनीतिक योजना** अद्यावधिक गरी प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकाय, स्थानीय तह, राजनैतिक दल, सबै सरकारी कार्यालय, सञ्चार माध्यम, आम नागरिक | २०७७ श्रावण मसान्तसम्म अद्यावधिक तथा निरन्तर कार्यान्वयन | शान्ति सुरक्षा तथा अमनचैन कायम भई शान्ति सुरक्षा प्रति जनविश्वास अभिवृद्वि हुने | रणनीतिक सुरक्षा योजना तथा कार्यान्वयन प्रगति अवस्था |
| 30 | जिल्लामा घटेका **आपराधिक गतिविधिहरुको आवधिक समीक्षा, विश्लेषण** गरी नियन्त्रणका लागि राजनैतिक दल, स्थानीय तह, सरोकारवाला पक्षहरुसंग समन्वय तथा सहकार्य गर्ने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला सुरक्षा समिति, स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | निरन्तर | आपराधिक अवस्थाको पहिचान भई समयमै निराकरणमा सहयोग भएको हुने । | स्थिति प्रतिवेदन |
| 31 | शान्ति **सुरक्षाको अनुभुती** अवस्था पहिचानका लागि सर्वेक्षण गर्ने । | जिल्ला सुरक्षा समिति | जिल्ला प्रशासन कार्यालय, सवै सुरक्षा निकाय, स्थानीय तह, सञ्चार माध्यम, आम नागरिक | २०७७ पौष मसान्तसम्म | आम नागरिकले अनुभुत गरेको शान्ति सुरक्षाको स्थिति पहिचान भई थप सुधार गर्न मद्दत पुग्ने । | सर्वेक्षण प्रतिवेदन |
| 32 | सामाजिक अपराध न्यूनीकरणका लागि स्थानीय तहको | जिल्ला प्रशासन | स्थानीय तह , | २०७७ मंसीरबाट | समाजमा अपराधका | कार्यक्रम सञ्चालन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | समन्वयमा विद्यालय मार्फत **School Outreach** कार्यक्रम सञ्चालन गर्ने । | कार्यालय | जिल्ला प्रहरी कार्यालय, शिक्षा विकास तथा समन्वय ईकाई, विद्यालय | सुरु गरी निरन्तर कार्यान्वयन | घटनाहरु न्यूनीकरण भई समाजमा दिगो शान्ति तथा स्थीरता कायम गर्न मद्वत पुग्ने । | प्रतिवेदन |
| 33 | **आत्महत्याका घटनाह**रुको नमुना छनौटका आधारमा कारण पहिचान तथा न्यूनीकरणका लागि आवश्यक कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, जिल्ला प्रहरी कार्यालय, स्वास्थ्य कार्यालय, अस्पताल, आयुर्वेद अस्पताल, CMC/ OCMC | २०७७ श्रावण मसान्त भित्र सुरु गरी निरन्तर कार्यान्वयन | आत्महत्याका घटनाहरुमा कमी आउने । | आत्महत्याका कारण तथा निराकरण सम्वन्धी कार्यक्रम सञ्चालन प्रतिवेदन |
| 34 | कारागारका कैदीवन्दीहरुबाट भएको **अपराधको कारण** पहिचानका लागि सर्वेक्षण गर्ने । | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय, स्थानीय तह, सञ्चार माध्यम | २०७७ भाद्र मसान्त | अपराधका कारण पहिचान भई न्यूनीकरण गर्न सहज हुने । | सर्वेक्षण प्रतिवेदन |
| 35 | राजमार्गमा हुने जुनसुकै अवरोधलाई तत्काल हटाई **निर्वाध रुपमा यातायात सूचारु** गर्न कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय, जिल्लास्थित सबै सुरक्षा निकायहरू | स्थानीय तह, यातायात व्यवसायी, निजीक्षेत्र, | निरन्तर | राजमार्ग अवरोधको घटना न्यूनीकरण भई निर्वाधरुपमा यातायात सञ्चालन हुने । | कार्ययोजना तथा प्रतिकार्य प्रतिवेदन |
| 36 | सडक, वजार क्षेत्रमा रहेका **CCTV** हरु मार्फत गतिविधिहरूको जिल्ला प्रहरी कार्यालय तथा जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्रबाट नियमित विश्लेषण गर्ने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | जिल्ला प्रहरी कार्यालय, स्थानीय तह, जिल्ला आपतकालीन सञ्चालन केन्द्र | निरन्तर | सुरक्षा सर्तकता उच्च भएको हुने । | सीसीटीभी विश्लेषण |
| 37 | **अन्तर जिल्ला** सुरक्षा समन्वय बैठकमार्फत जिल्लाका गतिविधिहरूको आदानप्रदान गर्ने । | जिल्ला सुरक्षा समिति | छिमेकी जिल्लाका जिल्ला सुरक्षा | निरन्नतर | शान्ति सुरक्षा तथा अपराध न्यूनीकरणमा | समन्वय बैठक संख्या तथा |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | | | समिति, जिल्ला प्रशासन कार्यालय | | अनुभव आदानप्रदान भई शान्ति सुरक्षा कायम गर्न सहयोग पुगेको हुने | प्रतिवेदन |
| 38 | **रुग्ण विकास आयोजना**हरुको विवरण अद्यावधिक गरी तत्काल कार्य सूचारु गर्ने वातावरण सिर्जना गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सम्बन्धित कार्यालय र आयोजना, सुरक्षा निकाय | २०७७ श्रावण महिनाबाट निरन्तर | रुग्ण विकास आयोजनाहरूको पहिचान भई समयमानै सम्पन्न गर्ने वातावरण तयार भएको हुने | रुग्ण आयोजनाहरूको विवरण तथा निर्माण अवस्था प्रतिवेदन |
| ३9 | **कारागारको भौतिक व्यवस्थापन**लाई मानवोचित वनाउन आवश्यक जग्गा प्राप्ति, भवन, व्यारेक निर्माणका लागि नेपाल सरकार, प्रदेश सरकारसंग समन्वय गर्ने। | जिल्ला प्रशासन कार्यालय | कारागार कार्यालय | निरन्तर | जीर्ण कारागार पूर्वाधारको निर्माण तथा सुधार भएको हुने । | पूर्वाधार निर्माण अवस्था |
| 40 | गैरसरकारी संस्थाहरूको विस्तृत **प्रोफाईल** तयार गर्ने । | जिल्ला प्रशासन कार्यालय | गैरसरकारी संस्था महासंघ | २०७७ असोज मसान्त | गैरसरकारी संस्थाहरूको विवरण एकीकृत भई ती संस्थाहरूबाट सञ्चालित क्रियाकलापहरू अनुगमन गर्ने कार्य प्रभावकारी हुने | प्रोफाइल |
| 41 | अर्धन्यायिक निकायमा कार्यरत कर्मचारीहरुलाई **कानुन तथा न्यायसम्वन्धी तालिम** प्रदान गर्ने । | जिल्ला प्रशासन कार्यालय | उच्च/जिल्ला अदालत, उच्च/ जिल्ला सरकारी वकील कार्यालय तथा अर्धन्यायिक निकायहरु | २०७७ श्रावण मसान्त | अर्धन्यायिक निकायबाट सम्पादन हुने कानुन तथा न्याय सम्वन्धि सेवा गुणस्तरीय हुने । | तालिम सञ्चालन प्रतिवेदन |
| 42 | **लागु औषध नियन्त्रण** सम्वन्धी जिल्ला स्तरीय योजना अद्यावधिक तथा प्रभावकारी कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सुरक्षा निकाय | २०७७ श्रावण मसान्त | लागु औषधजन्य अवैध गतिविधिहरु न्यूनीकरण भएको हुने । | योजना तथा कार्यान्वयन प्रतिवेदन |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| **घ. विपद् व्यवस्थापन** | | | | | | |
| 43 | विपद् पूर्वतयारी तथा प्रतिकार्य योजना(**Disaster Preparedness and Response Plan-DPRP**), कोभिड १९ पूर्वतयारी तथा प्रतिकार्य योजना तर्जुमा ( **COVID Response Plan**) तर्जुमा, परिमार्जन तथा कार्यान्वयन गर्ने . | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तहस्तरीय विपद् व्यवस्थापन समिति, सुरक्षा निकायहरू, विपद् व्यवस्थापन क्लष्टर, सरकारी तथा गैरसरकारी सरोकारवाला निकायहरू | २०७७ >fj0f मसान्त | विपद् व्यवस्थापन तथा कोभिड-१९ को संक्रमण व्यवस्थापन प्रभावकारी भएको हुने । | योजना दस्तावेज तथा कार्यान्वयन प्रतिवेदन |
| 44 | जिल्ला आपतकालीन कार्यसञ्चालन केन्द्र (**District Emergency Operation Center- DEOC**) स्थापना तथा सञ्चालन गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | जिल्ला स्थित सुरक्षा निकायहरू, स्थानीय तह, | २०७७ श्रावण दोस्रो हप्ता | विपद्जन्य घटनाहरूको सूचना संकलन भई विपद् व्यवस्थापनमा सहयोग पुगेको हुने । | DEOC स्थापना तथा सञ्चालन |
| ४5 | भारतलगायत तेस्रो मुलुकबाट आउने व्यक्तिहरूको लागि कोभिड संक्रमण अवधिभर मानेभञ्ज्याङ गाउँपालिकाअन्तर्गत हर्कपुरमा **Holding Center** स्थापना तथा सञ्चालन गर्ने । | जिल्ला संकट व्यवस्थापन केन्द्र, जिल्ला कमाण्ड पोष्ट | स्थानीय तह, सुरक्षा निकायहरू, स्वास्थ्य कार्यालय | २०७७ श्रावण दोस्रो हप्ता | कोभिड १९ को सम्भावित संक्रमण व्यवस्थापन भएको हुने । | Holding Shelter स्थापना तथा सञ्चालन |
| ४6 | विपद् जोखिमको पूर्वानुमानका आधारमा खोज तथा उद्वारका लागि आवश्यक सामाग्रीसहितको **Ware House** स्थापना गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह, सुरक्षा निकायहरू | २०७७ पौष मसान्त | खोज तथा उद्वार कार्य प्रभावकारी भएको हुने । | Ware House को स्थापना र सामाग्रीको विवरण |
| ४7 | **SMS** मार्फत विपद् घटनाहरूको वारेमा सम्वद्व | जिल्ला विपद् | जिल्ला प्रशासन | निरन्तर | विपद्जन्य घटनाहरूको | जानकारी प्राप्त गर्ने |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| | व्यक्ति, निकायहरूलाई जानकारी गराउने । | व्यवस्थापन समिति | कार्यालय, स्थानीय तह, विपद् व्यवस्थापन क्लष्टर | | बारेमा यथाशीघ्र जानकारी प्राप्त भई समयमै व्यवस्थापनमा गर्न सहयोग पुगेको हुने । | व्यक्ति तथा संस्था |
| ४8 | विपद्को प्रकृति अनुसार **QRT** गठन गर्ने तथा परिचालनका लागि क्षमता विकास गर्ने | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह सुरक्षा निकायहरू | २०७७ पौष मसान्त | विपद्जन्य घटनाको तत्काल खोज तथा उद्वार कार्य भई नागरिकले सुरक्षा महसुस गरेको हुने | QRT विवरण र क्षमता विकास कार्यक्रम सञ्चालन प्रतिवेदन |
| ४9 | सबै स्थानीय तहमा स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र (**LEOC**) स्थापनाका लागि समन्वय र सहकार्य गर्ने । | जिल्ला विपद् व्यवस्थापन समिति | स्थानीय तह | २०७७ श्रावण मसान्तवाट निरन्तर | स्थानीयस्तरमा विपद् व्यवस्थापनका कार्यमा प्रभावकारीता कायम हुने । | LEOC स्थापनाका लागि समन्वय र सहकार्य प्रतिवेदन |
| 50 | सवै सरकारी कार्यालयमा सेवाग्राहीले **हातधुने व्यवस्था, सेनिटाईजर** उपलब्ध हुने व्यवस्था मिलाउने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, सरकारी कार्यालयहरू, सञ्चार माध्यम, आम नागरिकहरु | २०७७ श्रावण १ गते वाट निरन्तर | कार्यस्थलमा संक्रमणजन्य रोग फैलिनबाट रोक्ने उपाय प्रभावकारी भएको हुने । | जनस्वास्थ्य सुरक्षाका सामाग्री तथा उपयोग अवस्था |
| 51 | COVID-19 को सम्भावित संक्रमण नियन्त्रण गर्नका लागि **स्वास्थ्य परीक्षण**को दायरा वढाउदै लैजाने । | जिल्ला संकट व्यवस्थापन केन्द्र जिल्ला कमाण्ड पोष्ट | स्वास्थ्य कार्यालय, स्थानीय तह, सुरक्षा निकायहरू, तथा प्रयोगशालाहरू | निरन्तर | संक्रमणको स्थिति पहिचान भई संक्रमण व्यवस्थापनमा मद्दत पुगेको हुने । | स्वास्थ्य परीक्षण संख्या तथा प्रतिवेदन |
| **ङ. विविध** | | | | | | |

| सिन | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयसीमा | अपेक्षित उपलब्धी | कार्यन्वयन सूचक |
|---|---|---|---|---|---|---|
| 52 | गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच भएको **कार्यसम्पादन करार सम्झौता**मा उल्लेख भए अनुसारका क्रियाकलापहरुको पूर्ण कार्यान्वयन गर्ने । | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय, जिल्लास्थित सुरक्षा निकायहरू | निरन्तर | जिल्लाको शान्ति सुरक्षा, सुशासन, विपद व्यवस्थापन, विकास आयोजनामा समन्वय लगायत सार्वजनिक सेवा प्रवाह जनअपेक्षित हुने | कार्यसम्पादन सम्झौता कार्यान्वयन प्रतिवेदन |
| ५३ | जिल्लामा दर्ता स्टेशन स्थापना गरी **राष्ट्रिय परिचयपत्रका** लागि विवरण संकलन र परिचयपत्र वितरण कार्यक्रम सञ्चालन गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह | २०७७ श्रावण पहिलो हप्तावाट निरन्तर | यस जिल्लामा राष्ट्रिय परिचयपत्र प्रणाली कार्यान्वयन हुने । | राष्ट्रिय परिचय पत्र विवरण संकलन तथा परिचय पत्र संख्या |
| 5४ | सामाजिक सुरक्षा भत्तालाई **वैङ्किङ प्रणालीबाट भुक्तानीको** लागि स्थानीय तह एवम् वैक तथा वितीय संस्थाहरुसंग समन्वय गर्ने । | जिल्ला प्रशासन कार्यालय | स्थानीय तह, बैक तथा वित्तिय संस्था,सञ्चार माध्यम, आम नागरिक | २०७७ असोज मसान्त | सामाजिक सुरक्षा भत्ता वितरण पारदर्शी हुने । | वैङ्किङ प्रणालीमा आवद्व लाभग्राहीहरुको विवरण |

## ४. निष्कर्ष

नेपाल सरकार गृह सचिव र प्रमुख जिल्ला अधिकारी विच सम्पन्न कार्यसम्पादन सम्झौता अनुसार जिल्ला प्रशासन कार्यालयबाट सम्पादन हुने सबै सेवाहरुलाई जनमैत्री तथा व्यावसायीक वनाउने उद्वेश्यले तर्जुमा गरिएको यस कार्ययोजनाको सफल कार्यान्वयन हुन आवश्यक छ । यस कार्ययोजनाले अन्य सरकारी निकायहरुको सुधार कार्ययोजना तर्जुमाको लागि समेत आधार तयार गरेको छ । यसैका आधारमा सबै सरकारी कार्यालयहरुबाट सुधार कार्ययोजना तर्जुमा हुनेछन । जिल्ला प्रशासन कार्यालय तथा अन्य सरकारी कार्यालयबाट तर्जुमा भएका कार्ययोजना अनुसारका क्रियाकलापहरु कार्यान्वयनमा सबै सरकारी निकायहरुविच समन्वय र सहकार्य हुनु जरुरी भएकोले यस विषयलाई प्रत्येक महिना वस्ने कार्यालय प्रमुख बैठकको प्रमुख एजेण्डा वनाई प्रगति अवस्थाको समिक्षा गरिनेछ ।साथै यस कार्ययोजना अनुसार गरिनेक सुधारका कार्य तथा सम्पादित कार्यको नियमित रुपमा प्रगति अवस्था समेत आम नागरिकहरुलाई सार्वजानिक गरी नागरिकहरुवाट प्राप्त पृष्ठपोषण अनुसारनै सार्वजानिक सेवा प्रवाह गरिनेछ । यसबाट सेवाग्राही नियन्त्रित सार्वजानिक सेवा प्रवाहको अवस्था समेत सिर्जना हुनेछ ।

**---- oo----**